लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, कपिलवस्तु

सूचना नम्बरः १०/२०८३-८४

दोस्रो पटक प्रकाशित मितिः २०८३।०७।१९

कार्यक्रम सञ्चालनका लागि आवेदन (प्रस्तावना) पेस गर्ने सम्बन्धी सूचना।

यस केन्द्रको चालू आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रकाशित सूचना नं. ०६/०८३-८४, मिति २०८३।०६।१५ उपर पर्याप्त आवेदन प्राप्त नभएको हुँदा सो कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले मिति २०८३।०८।१५ गते भित्र यस केन्द्रमा कार्यालय समय भित्र तपसिलमा उल्लिखित कागजातहरू सहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेस गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयबाट वा कार्यालयको वेबसाइट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन। थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०७६५६००६३ मा सम्पर्क गर्न सकिने छ।

सि.नं.	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	खर्चको सीमा	असञ्चालन हुने क्षेत्र/स्थान
१	युवा लक्षित कृषि उत्पादन/उद्यमशीलता कार्यक्रम	• प्रस्ताव आव्हानको सूचना • संक्षिप्त सूची प्रकाशन • प्रस्तुतीकरण • मूल्याङ्कन तथा छनोट • कृषि मूल्य शृंखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्तन योजना र कृषिसँग सम्बन्धित सीपको उपयोग योजना।	• १८ वर्षदेखि ३५ वर्षका युवा सहभागी हुन सक्ने, • कृषि मूल्य शृंखला विकास/नवप्रवर्तन योजना/कृषिसँग सम्बन्धित सीपको उपयोग सम्बन्धी प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने, • कार्यालयले गठित प्राविधिक समिति मार्फत प्राप्त प्रस्तावहरुमध्ये उपयुक्त प्रस्ताव छनोट गर्नुपर्ने।	• प्रति अनुदानग्राही रु. १ लाख नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग।	जिल्ला भरी
२	महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामग्री सहयोग	• प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा सामग्रीहरू खरिद।	• फर्म/कम्पनी/कृषकसमूह/कृषि सहकारीसहभागी हुन सक्ने, • • मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।	जिल्ला भरी
३	बगैंचा सुदृढीकरण	• बगैंचाको सुदृढीकरण तथा प्रविधि	• कार्यालयले सुधार गर्नुपर्ने उपयुक्त बगैंचाको	• कार्यालयले लागत अनुमान	

घनश्याम चौधरी
प्रमुख (जिविकृत स्तर दशौं)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, कपिलवस्तु

सि.नं.	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	खर्चको सीमा	असञ्चालन हुने क्षेत्र/स्थान
	तथा प्रविधि हस्तान्तरण कार्यक्रम	हस्तान्तरणका लागि तपसिलका क्रियाकलापहरु सञ्चालन गर्न सकिने • आवश्यक औजार/उपकरण खरिद थोपा सिंचाइ/स्प्रिङकलर सिंचाइ/मल्चिङ्ग/hail net लगायतका प्रविधि प्रदर्शन • पासो, मोहिनी पासो र ल्यूर, विषादी, एप्रोन, पन्जा, मास्क, Stem paste आदि खरिद, • स्थलगत प्राविधिक तालिम तथा अभिमुखीकरण, • बगैंचा काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका क्रियाकलापहरू।	छनोट गरी कार्यक्रम सञ्चालन गर्ने, • एकै किसिमको फलफूल कम्तीमा २५ बोट भएको बगैंचा र कफिको हकमा ५० बोट भएको बगैंचा भएको हुनुपर्ने।	स्वीकृत गरी प्रति बगैंचा अधिकतम रु. पच्चीस हजार खर्च गर्न सक्ने । • स्थलगत प्राविधिक तालिम तथा अभिमुखीकरणमा प्रति कार्यक्रम अधिकतम रू. पाँच हजारसम्म खर्च गर्न सकिने।	

संलग्न गर्नु पर्ने कागजातहरू

१. प्रस्तावको निवेदन ।
२. दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेस गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्य-योजना सहितको प्रस्ताव र स्व-घोषणा।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी/संस्थाको हकमा मात्र)।
७. प्रस्ताव पेस गर्नेको नागरिकताको प्रतिलिपि।
८. किसान सूचीकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनीको गत आर्थिक वर्षमा जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि वा जग्गा धनी प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

०८३।०६।९३
घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दर्शी)